बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- ०८१/८२
चलानी नं. :- १५२३

मितिः २०८१/०९/०८

विषयः प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री प्रदेश मन्त्रालय(सबै),
श्री जिल्ला समन्वय समितिको कार्यालय(सबै),
श्री स्थानीय तह(सबै),
बागमती प्रदेश।

प्रस्तुत विषयमा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ बमोजिम गठन भएको प्रदेश समन्वय परिषद्को मिति २०८१/०२/१० मा बसेको चौंथो बैठकका निर्णयहरु कार्यान्वयनका लागि यस कार्यालयबाट मिति २०८१/०२/२५ को चलानी संख्या ३८६९ को पत्रहरु तहाँ मन्त्रालय तथा स्थानीय तहमा पठाइएको व्यहोरा विदितै छ। प्रदेश समन्वय परिषद्को आगामी पाचौं बैठकमा प्रतिवेदन पेश गर्ने प्रयोजनार्थ उल्लिखित चौंथो बैठकका निर्णयहरूको कार्यान्वयन अवस्था र आगामी बैठकमा छलफल हुनुपर्ने विषयहरु Unicode Traditional Kalimati Font, Font Size 11 मा तयारी गरी मिति २०८१/०९/१३ गते भित्रमा यस कार्यालयको इमेल ठेगाना govreform.planning@gmail.com मा पठाइदिनिहुन मिति २०८१/०९/०८ गतेको माननीय मुख्यमन्त्री स्तरीय निर्णयानुसार अनुरोध छ।

संलग्न

१. यस कार्यालयको मिति २०८१/०२/२५ को चलानी संख्या ३८६९ को पत्र
२. प्रदेश समन्वय परिषद्को चौंथो बैठकको निर्णयको छायाँप्रति (२ पाना)

०।८

२०८१/०९/०८

..................
(श्रीराम पोखरेल)
अधिकृत सातौं

कार्यार्थ,
श्री सूचना तथा सञ्चार समन्वय शाखा-कार्यालयको वेबसाइटमा प्रकाशन गरिदिनुहुन।

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स: ०५७-५२७५०७, वेबसाइट: www.ocmcm.bagamati.gov.np, ईमेल: ocmcm@bagamati.gov.np

निर्णयहरु:

१. प्रदेश समन्वय परिषद्को बैठकबाट विगतमा भएका निर्णयहरू कार्यान्वयनका सम्बन्धमा समीक्षा गरियो ।

२. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४(३) बमोजिम प्रदेश समन्वय परिषद्को बैठकसम्बन्धी कार्यविधि, २०८१ लाई स्वीकृत गर्ने।

३. स्थानीय तहले लिखित तथा मौखिक रुपमा दिएका सुझावहरूलाई आवश्यकता, औचित्यता र उपयुक्तताको आधारमा बागमती प्रदेशको दोस्रो आवधिक योजनामा समावेश गर्न प्रदेश नीति तथा योजना आयोगलाई अनुरोध गर्ने।

४. स्थानीय तहहरुले आफ्नो आवधिक योजना, वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रदेशको दोस्रो आवधिक योजना (आ.व. २०८१/८२-२०८५/८६) ले निर्दिष्ट गरेका दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसँग सामञ्जस्यता गर्ने ।

५. प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणअन्तर्गत स्थानीय तहमा प्रदान गरिएका समपूरक, सशर्त, विशेष अनुदानअन्तर्गतका कार्यक्रमहरूलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने/गराउने। साथै, प्रदेशको विनियोजन ऐनबमोजिम प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्ने रकमहरूलाई समयमा नै दाखिला गरी सोको प्रतिवेदन प्रणालीलाई चुस्त बनाउने। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ को उपदफा (२) बमोजिमको आय र व्ययको चौमासिक विवरण तयारीका लागि सबै स्थानीय तहले चौमासिक विवरणसहितको प्रतिवेदन निर्धारित समयमा नै आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने ।

६. प्रदेश सरकारका मन्त्रालय र अन्तर्गतका निकायले स्थानीय तहसँगसमेत समन्वय गरी कार्यक्रम छनौट, बजेट विनियोजन तथा कार्यान्वयन गर्ने। साथै, स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन सहभागिता, समन्वय, सहजीकरणसहित गर्ने ।

७. प्रदेश विपद् व्यवस्थापन कोषबाट स्थानीय विपद् व्यवस्थापन कोषलाई उपलब्ध गराइएको रकम नियमानुसार खर्च गरी सोको प्रतिवेदन सम्बन्धित मन्त्रालय/निकायमा नियमितरुपमा पठाउने ।

८. प्रदेशका विषयगत मन्त्रालय/कार्यालय तथा स्थानीय तहबीच सहकार्य तथा समन्वय कायम गरी प्रदेश तथा स्थानीय तहबाट प्रदान हुने अनुदानका कार्यक्रमहरूमा दोहोरो नपर्ने गरी कार्यक्रम छनौट, बजेट विनियोजन तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।

९. प्रदेश वा स्थानीय तहले जिल्लाभित्र सञ्चालन गर्ने विकास निर्माणसँग सम्बन्धित कार्यहरूलाई थप प्रभावकारी बनाउन जिल्ला समन्वय समितिहरुले समन्वय, सहजीकरण र अनुगमन गर्ने। साथै, प्रदेश तथा स्थानीय तहले सम्पादन गरेका काम कारवाही तथा सेवाप्रवाहका सम्बन्धमा जिल्ला समन्वय समितिले त्रैमासिक समीक्षा गर्ने ।

२०८१/२/१०
का. मु. प्रमुख सचिव

मुख्यमन्त्री

१०. जिल्ला समन्वय समितिले सम्बन्धित जिल्लाका स्थानीय तहले तर्जुमा गरेका ऐन तथा नियमावलीहरुको विवरण सङ्कलन गरी सूची तयार गर्ने र आवश्यकतानुसार प्रकाशन गर्ने ।

११. जिल्लाभित्र संघ, प्रदेश र स्थानीय तह तथा अन्य सरकारी निकायबाट सञ्चालित विकाससँग सम्बन्धित कार्यक्रमहरुको विवरण सङ्कलन गरी त्यसमा गरिएको लगानी र प्रतिफलको अवस्था झल्कने सुझावसहितको प्रतिवेदन तयार गरी सम्बन्धित स्थानीय तह तथा प्रदेश सरकारमा उपलब्ध गराउने ।

१२. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ र प्रदेश व्यापार व्यवसाय ऐन, २०७६ ले रु. ५ लाख सम्मको व्यापार/व्यवसाय स्थानीय तहमा दर्ता हुने प्रावधान बमोजिम स्थानीय तहमा दर्ता भएका व्यापार, व्यवसाय, लगानी, उत्पादन लगायतको विवरणहरु सबै स्थानीय तहले प्रदेश सरकार, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयमा पठाउने ।

१३. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १७ बमोजिमको राष्ट्रिय समन्वय परिषद्मा निम्न विषयहरू सिफारिस गर्ने:-

क. सङ्घीय निजामती कानूनमा प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको सेवा सुरक्षा, वृत्ति विकासको पूर्ण सुनिश्चितताको आवश्यक व्यवस्था मिलाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने ।

ख. स्थानीय तहका कर्मचारीहरुको वैयक्तिक सूचना प्रणाली व्यवस्थापनका लागि प्रदेश किताबखानामा उक्त प्रणाली हस्तान्तरणको आवश्यक व्यवस्था मिलाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने ।

ग. स्थानीय तहमा कार्यरत कर्मचारीहरुको निवृत्तीभरण तथा उपदानका लागि सम्बन्धित स्थानीय तहबाट योगदान हुने गरी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा निजामती कर्मचारी एकीकृत निवृत्तीभरण कोषको स्थापना, सञ्चालन र व्यवस्थापनको कानूनी व्यवस्था मिलाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

घ. स्थानीय तहको आर्थिक तथा सामाजिक विकासको अवस्था, भौगौलिक तथा जनसांख्यिक विविधता, कार्यजिम्मेवारीबोझ, आन्तरिक आयआर्जन र कार्यक्षमतालगायतका विषयलाई विश्लेषण गरी स्थानीय तहको संगठन संरचना र दरबन्दी तेरिजलाई वैज्ञानिक बनाउन एकीकृत मापदण्डका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

ङ. नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा प्रदान हुने सशर्त अनुदानका कार्यक्रमहरू प्रदेश तथा स्थानीय तहको प्राथमिकताअनुसारको क्षेत्र तथा कार्यक्रममा खर्च गर्न मिल्ने गरी विनियोजन गर्न र सशर्त अनुदानमार्फत स-साना आयोजना/कार्यक्रमहरू हस्तान्तरण हुने अवस्थालाई निरूत्साहित गर्न अनुरोध गर्ने।

२०७८/२/१० का.मु. प्रमुख सचिव

मुख्यमन्त्री